मिति २०७४।६।०६ गते बसेको कार्यालय प्रमुखको बैठक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

**निर्णयहरू:**

१. माननीय गृहमन्त्रीज्यूको ८४ बुँदे गृह प्रशासनसुधार मार्गचित्र बमोजिम शान्ति सुरक्षा र सुशासन जनमैत्री प्रशासन अभियान कार्यक्रम प्रहरी हाम्रो टोलमा मिति २०७४।०६।०६ गते बिहान ८:००.बजे देखि सुभारम्भ भएकोले यथार्थ र तथ्यपरक सूचना प्रहरी प्रशासनमा उपलब्ध गराई शान्ति सुरक्षा अमन चयन बहाल राख्न समन्वयात्मक सहयोग सबै क्षेत्रबाट गर्ने गराउने निणर्य गरियो ।

२. नेपालीहरूको महान पर्व वडा दशैं, शुभ दिपावली र छठ समेतलाई बढी उल्लासमय, व्यवस्थित एवं सुरक्षित बनाउनसम्बद्ध सरोकारवाला निकायले योजनाबद्ध रूपमा कार्य गर्ने ।

३. चाडवाडमा बढी खपत गरिने खाद्य पदार्थको सर्वसुलभता र गुणस्तरीयता कायम गर्ने नियमित अनुगमन कार्यलाई स्वचालित पद्धति अनुरूप गर्ने गराउने ।

४. दशै, तिहारको सार्वजनिक बिदामा सम्पूर्ण कार्यालयहरूले कार्यालयको सुरक्षा व्यवस्था, पालो पहरालाई अनिवार्य रूपमा तोक्ने र सोही अनुसार कार्यान्वयन गर्ने । साथै अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालयहरूले सेवाहरू नरोकिने गरी आवश्यक प्रबन्ध मिलाउने ।

५. बिजया दशमी, दिपावली र छट पर्वको शुभ कामना आदान प्रदान कार्य सम्पन्न भयो ।

६. चाडवाड र विदाका समयमा हुन सक्ने सम्भावित चोरी, डकैति, लुटपाट जस्ता क्रियाकलाप नियन्त्रण गर्न र VIP अतिथिको आवागमन व्यवस्थित गर्न आवश्यक सवारी साधन जिल्ला प्रशासन कार्यालयबाट माग भए बमोजिम उपलब्ध गराउने ।

७. सुरक्षा निकायहरूले राजमार्ग, सिमानाका तथा ग्रामिण सडकमा संचालित सवारीका साधनहरू निर्वाध रूपमा सञ्चालित रहने व्यवस्था मिलाउने, चाडवाड लक्षित गरी हुन सक्ने अपराधिक गगतिविधि तथा चोरी, डकैति, लुटपाट जस्ता कार्यलाई नियन्त्रण गरी शान्ति सुव्यवस्था चुस्त दुरूस्त बनाउने ।।

७४।६।६

प्रमुख जिल्ला अधिकारी